# तिनाउ बिकास बैंक लिमिटेडको

# एघारौं वार्षिक साधारण सभाको

# काम कारवाहीको विवरण

## (माइन्यूट)

## १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र विकास बैंकको नियमावली बमोजिम तिनाउ विकास बैंक लिमिटेडको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसि देहायका बिषयहरु उपर छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

## २. सभाको मिति, समय र स्थान

**मिति:** २०७४ साल पौष ८ गते शनिबार (२३ डिसेम्बर, २०१७)

**समय:** बिहान ०९.३० बजे प्रारम्भ भई ११.३० बजे सम्पन्न भएको ।

**स्थान:** होटल क्लब डेनोभो प्रा.लि., बुटवल कालिकानगर, रुपन्देही ।

## ३. सभाको सुचना

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बिकास बैंकको एघारौं वार्षिक साधारण सभाको सुचना तथा सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयधनीहरुको व्यक्तिगत ठेगानामा विकास बैंकको कर्मचारी तथा कुरियर मार्फत पठाउनुको साथै मिति: २०७४।०८।१३ गते बुधबारको राष्ट्रिय स्तरको दैनिक पत्रिका नागरिक र मिति: २०७४।०८।२७ गते बुधबारको अन्नपूर्ण पोष्ट पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरु एवं प्रस्तावहरुको सुचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको बिषयहरु

**क) साधारण प्रस्तावहरु**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२) आ.व. ०७३/७४ को लेखा परिक्षण प्रतिवेदन, २०७४ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३) आ.व. ०७४/७५ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हालको लेखा परिक्षक एन.वि.एस.एम. एण्ड एशोसिएट्सका चार्टड एकाउण्टेण्ट नील सारु पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ५ प्रतिशतका दरले नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) <u>विशेष प्रस्तावहरु</u>**

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १० प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने सम्बन्धमा ।

२) जारी पुंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।

३) प्रबन्ध पत्र र नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधन र परिमार्जनमा नियमनकारी निकायबाट स्वकृित गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग) विविध ।**

## ५. <u>सभाको सञ्चालन:</u>

सभाको संचालन कम्पनी सचिव श्री प्रदिप कुमार श्रेष्ठले गर्नु भएको थियो ।

## ६. <u>उपस्थिति</u>

### ६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्र प्रसाद वझा | अध्यक्ष |
| २. | श्री जीवन प्रसाद वझा | सञ्चालक |
| ३. | श्री रामेश्वर प्रसाद कसजु | सञ्चालक |
| ४. | श्री उज्ज्वल प्रसाद कसजु | सञ्चालक |

५. श्री अनिल प्रसाद श्रेष्ठ सञ्चालक

६. श्री सुरेन्द्र प्रसाद श्रेष्ठ सञ्चालक

७. श्री रबिन्सन कक्षपति सञ्चालक

**६.२ अन्य पदाधिकारीको उपस्थिति**

१. श्री प्रदिप कुमार श्रेष्ठ प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

२. श्री ध्रुब तिमिल्सीना प्रमुख कार्यकारी अधिकृत सिद्धार्थ क्यापिटल लिमिटेड (शेयर रजिष्ट्रार)

**६.३ शेयरधनीको उपस्थिति**

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या: १०५

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयधनी संख्या: २१

३. भिडियो कन्फरेन्स अन्य प्रविधि मार्फत उपस्थिति हुने संख्या ०

४. जम्मा उपस्थित संख्या: १२६

## ७. गणपुरक संख्या ( कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १००८२ | १२६ | १.२५ प्रतिशत |
| संस्थापक शेयरधनी समूह (क) | ३६ | ३२ | ८८.८९ प्रतिशत |
| सर्वसाधारण शेयरधनी समूह (ख) | १००४६ | ९४ | ०.९४ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४६,०८,४९९।२१ | ३२,२७,६३५ | ७०.०४ प्रतिशत |

## ८.आसन ग्रहण

सभामा उपस्थित अध्यक्ष, सञ्चालक, अतिथि, संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई सभा सञ्चालकले आसन ग्रहण गराउनु भयो ।

## ९. सभाको बैधानिकता

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम २१ दिन अगावै मिति: २०७४ साल मंसिर १३ गते बुधबारको राष्ट्रियस्तरको पत्रिका नागरिक र मिति: २०७४ साल मंसिर २७ गते

बुधबारको अन्नपूर्ण पोष्ट पत्रिकामा साधारण सभा सम्बन्धि सूचना प्रकाशित गरिएको र सोहि ऐनको दफा ७३(२) अनुसार बांडफांड भएको कुल शेयर संख्याको ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति भएमा सभाले बैधानिकता पाउने व्यवस्था भएकोमा यस साधारण सभामा कुल बांडफांड शेयर संख्या ४६ लाख ८ हजार ४९९ दशमलब २१८८ कित्ता मध्ये स्वयं उपस्थिति २२,०४,२५१ कित्ता शेयर, प्रतिनिधी मार्फत १०,२३,३८४ कित्ता शेयर जम्मा उपस्थिति ३२,२७,६३५ कित्ता शेयर प्रतिशतमा ७०.०४ प्रतिशतको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु १२६ जना उपस्थिती भएको हुंदा यो साधारण सभा बैधानिक भएको घोषणा कम्पनी सचिवले गर्नुभयो । तत्पश्चात अध्यक्षज्युबाट सभा संचालनको अनुमती लिइ सभालाई निरन्तरता दिनु भयो ।

## १०. स्वागत मन्तव्य

सञ्चालक समितिका सदस्य श्री सुरेन्द्र प्रसाद श्रेष्ठज्युले उपस्थीत सम्पुर्ण शेयरधनी, अतिथि तथा कर्मचारीवर्गमा स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

## ११. सभाको समुद्घाटन

अध्यक्ष श्री राजेन्द्र प्रसाद वझाज्युले पानसमा दीप प्रज्वलन गरी एघारौं वार्षिक साधारण सभाको समुद्घाटन गर्नुभयो ।

## १२. साधारण सभाको प्रस्तुती:

१. सभा सञ्चालक कम्पनी सचिव प्रदिप कुमार श्रेष्ठले अध्यक्षज्युलाई सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नुभयो र सोहि अनुसार सभाका अध्यक्षज्युले उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, तथा अतिथिज्युहरुलाई स्वागत एवं अभिवादन गर्दै पुर्व निर्धारित छलफलका बिषयसूचि अनुसार आ.व. ०७३/७४ को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु भइ शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात अध्यक्षज्यूले अन्य छलफलका विषयबस्तुहरु प्रस्तुत गर्न कम्पनी सचिवलाई जिम्मेवारी दिनु भए अनुसार कम्पनी सचिवले सभा समक्ष प्रस्तुत गरि शेयरधनी महानुभावज्युहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित बिषयबस्तु उपर छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

## १३. छलफलका लागि सहभागी शेयरधनी महानुभावहरु

छलफलका लागि प्रस्तुत बिषयबस्तुउपर आफ्ना अमूल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्नानुसार शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भयो ।

१. अमृतलाल श्रेष्ठ

२. बिश्वनाथ उपाध्याय

३. पवन तिवारी

४. महेश्वर प्रसाद श्रेष्ठ

५. निर्मल लाकौल

६. ज्ञानेन्द्र कसौधन

## १४. छलफलमा सहभागी हुने शेयरधनीहरुको आ-आफ्नो राय, सल्लाह, सुझाव तथा जिज्ञासाहरु:

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

**१. अमृतलाल श्रेष्ठ**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरु:**

सभामा उपस्थित अध्यक्ष, संचालक, अतिथि तथा शेयरधनी महानुभावहरुमा सम्बोधन गर्नु भयो । बैंकको कारोबार बृद्धिको र लाभांशको सह्राना सहित प्रगतिको कामना गर्नुभयो ।

प्रतिवेदनको अनुसुची ४.१६ को सण्ड्री डेव्टर्स, अनुसुचि ४.२४ को प्राविधिक सेवा सोधभर्ना खर्च र अपलेखन खर्चको बारेमा जिज्ञासा राख्नु भयो ।

**२. विश्वनाथ उपाध्याय**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरु:**

देश अहिले संघियतामा गएको अवस्थामा विभिन्न समस्या र चुनौतिहरु आउन सक्छन् त्यसको लागि के कस्तो नीति र रणनीति संचालक समितिले सोचेको छ जान्न पाए हुन्थ्यो ।

**३. पवन तिवारी**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरुः**

अध्यक्षको प्रतिवेदन ठीक छ । लाभांश २० देखि २५ प्रतिशत हुन पाए राम्रो हुने थियो । संघियताले ठुलो अवसर र चुनौति आउन सक्छ के नीति लिएको छ । खरिद गरेको जग्गामा भवन कहिले बन्ने हो । शेयर धितो कर्जा पाउन पाए राम्रो हुने थियो ।

**४. महेश्वर प्रसाद श्रेष्ठ**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरुः**

अध्यक्षज्यूको प्रतिवेदनमा सान्धर्भिक कुरा आएको छ । ५ प्रतिशत नगद लाभांश सन्तोष पाउने ठाउं छ । मर्जरको स्वीकृती यस भन्दा अगाडिको साधारण सभामा दिएका थियौं के भयो ? मर्जर गर्ने कि नगरेर अगाडि बढ्ने ।

**५. निर्मल लाकौल**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरुः**

प्रतिवेदन र सबै हिसाब सान्धर्भिक छन् बहस गर्नु भन्दा तालि बजाएर पास गरिदिंदा धेरै राम्र हुने देखिन्छ ।

**६. ज्ञानेन्द्र कसौधन**

**मन्तव्य, सुझाव तथा जिज्ञासाहरुः**

खरिद गरेको जग्गाको कित्ता दुइ वटा किन भयो एकै ठाउंमा जग्गा खरिद गरेको हो कि फरक फरक ठाउंमा हो ?

## १५. <u>सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफः</u>

अध्यक्षज्युले शेयरधनीहरुको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यबाद दिंदै शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनु भयो ।

देश संघियतामा गए अनुसार नेपाल राष्ट्र बैंकसंग बैक तथा वित्तीय संस्थाहरु कुन संरचनामा जान्छ भनी पटक पटक सेमिनार गोष्ठिमा जिज्ञासा उठाउने गरि रहेका छौं । नेपाल राष्ट्र बैंकले के नीति लिन्छ र निर्देशन दिन्छ सोहि अनुसार नीति र रणनीति बनाउने योजनाका साथ अगाडि बढेको अवस्था छ । बैकले किनेको जग्गामा घर समेत रहेकोले सोलाई पुनःसंरचना गरि संगमपथमा रहेको शाखालाई सार्ने योजना रहेको छ । हाल भत्काएर नयां घर बनाउने योजना छैन । बैकको चुक्ता पूंजी रु. ३४ करोडले कारोबार गरि हालसालै हकप्रद शेयरबाट रु. ४६ करोड चुक्ता पूंजी पुगेकोलाई समेत

बोनश शेयर र नगद लाभांश दिंदा १५ प्रतिशत हुन गएको हो साथै रु. ३४ करोडको पूंजीलाई हिसाब गर्दा २० प्रतिशत भन्दा माथि हुन आउंछ । हाल नेपाल राष्ट्र बैंकले तोकेको ५ प्रतिशतको स्प्रेड दरले गर्दा आगामी आर्थिक वर्षमा यहि लाभांश तथा बोनश शेयर कायम गर्न समेत गाह्रो देखिएको छ । मर्जरको लागि धेरै संस्थाहरुसंग कुरा भएको । विज्ञ व्यक्तिहरुसंग छलफल गर्दा स्थानिय स्तरका बिकास बैंकहरु पनि चाहिन्छ भन्ने विश्लेषण गरि मर्जर नगरी आफै पूंजी पुर्‍याएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु । नेपाल राष्ट्र बैंकको निर्देशनको पालना गर्दा दुइ कित्ता जग्गा हुन गएको हो । जग्गा अलग अलग कित्ता भएता पनि एकै ठाउंमा रहेको समेत जानकारी गराउंदछु ।

अन्य दैनिक कारोबारसंग र लेखा सम्बन्धि शेयरधनीहरुको जिज्ञासाको जवाफको लागि अध्यक्षज्युले प्रमुख कार्यकारी अधिकृत प्रदिप कुमार श्रेष्ठलाई अख्तियारी दिनु भए अनुसार प्रमुख कार्यकारी अधिकृतज्युले धन्यबाद दिंदै शेयरधनीहरुको जिज्ञासाको जवाफ निम्नानुसार दिनुभयो ।

अनुसुचि ४.१६ मा भएको सण्ड्री डेव्टर्समा उल्लेख भएको शाखा कार्यालय निर्माणको ठेकेदारलाई दिएको एडभान्स रकम, रेमिटान्स कम्पनिसंग लिनुपर्ने रकम, एटिएमको रकम आदि रहको, अनुसुचि ४.२४ को प्राविधिक सेवा सोधभर्ना खर्चमा एटिएमको वार्षिक मर्मत शुल्क, सफ्टवेयरको वार्षिक शुल्क आदि पर्दछन् भने ४.२४ को अपलेखन खर्चमा लिजहोल्ड सम्पत्ति, शेयर अपलेखन खर्चहरु पर्दछन् । ग्राहकले माग गरे अनुसार शेयर धितो कर्जा दिने व्यवस्था रहेको व्यहोरा सभा समक्ष जानकारी गराउंदछु ।

## १६. <u>सभाको निर्णय</u>

### क) साधारण प्रस्तावहरु

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिबेदन प्रस्तुत र सो उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

सभामा प्रस्तुत आ.व.०७३/७४ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युको वार्षिक प्रतिवेदन अध्यक्षज्युले अनुमोदनका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

२) आ.व. ०७३/७४ को लेखा परिक्षण प्रतिवेदन, २०७४ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा अनुसुचीहरुमा छलफल गरि पारित गर्ने सम्बन्धमा ।

आ.व. ०७३/७४ का लेखा परिक्षकको प्रतिवेदन सहितको २०७४ अषाढ मसान्तको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण तथा

अनूसुचीहरु पारित गरियोस् भनी सभा समक्ष राखिएको प्रस्ताव सर्वसम्मतीबाट पारित गर्ने निर्णय गर्‍यो ।

३) आ.व. ०७४/७५ को लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा । (हालको लेखा परिक्षक एन.वि.एस.एम. एण्ड एशोसिएट्सका चार्टड एकाउण्टेण्ट नील सारु पुन: नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. ०७४/७५ को लागि लेखा परिक्षक नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गरियोस् भनी राखिएको प्रस्तावमा सभाले लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम लेखा परिक्षकमा एन.वि.एस.एम एण्ड एशोसियट्स काठमाण्डौका चार्टड एकाउण्टेण्ट नील सारुलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखा परिक्षण शुल्क, कर लेखा परिक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेबापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे वापत भ्याट सहित एकमुष्ठ रु. ३,००,०००। अक्षरेपी तीन लाख मात्र पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतबाट गर्‍यो ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूंजीको ५ प्रतिशतका दरले नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव गरे बमोजिमको चुक्ता पुंजी रु.४६,०८,४९,९२१।८८ को ५ प्रतिशतले हुने रकम रु. २,३०,४२,४९६।०९ अक्षरेपी दुइ करोड तीस लाख बयालिस हजार चार सय छयानव्वे र पैसा नौ मात्र, नगद लाभांश नेपाल सरकारको नियमानुसारको लाभांश कर भुक्तानी तथा शेयरधनीलाई नगद लाभांश वितरण प्रयोजनको लागि स्वीकृत गर्ने निर्णय सर्बसम्मतबाट गर्‍यो ।

**ख) <u>विशेष प्रस्तावहरु</u>**

१) संचालक समितिले प्रस्ताव गरे वमोजिम चुक्ता पुंजीको १० प्रतिशतका दरले बोनस शेयर स्वीकृत गर्ने सम्बन्धमा ।

संचालक समितिले प्रस्ताव गरे बमोजिमको चुक्ता पुंजी रु.४६,०८,४९,९२१।८८ को १० प्रतिशतले हुने रकम रु. ४,६०,८४,९९२।१९ अक्षरेपी चार करोड साठी लाख चौरासी हजार नौ सय बयानव्वे र पैसा उन्नाइस मात्र बोनस शेयर सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

२) जारी पुंजी र चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।

सभा समक्ष तीन महलेमा उल्लेख गरी प्रस्ताव गरे अनुसारको जारी पूंजी रु.५०,६९,३४,९१४।०७ अक्षरेपी पचास करोड उनन्सत्तरी लाख चौतिस हजार नौ सय चौध र पैसा सात मात्र र चुक्ता पूंजी रु. रु.५०,६९,३४,९१४।०७ अक्षरेपी पचास करोड उनन्सत्तरी लाख चौतिस हजार नौ सय चौध र पैसा सात मात्र पुर्‍याउने गरि बृद्धि गर्न सर्वसम्मतबाट निर्णय गर्‍यो ।

३) प्रबन्ध पत्र र नियमावलीका विभिन्न दफा तथा नियमहरुमा आवश्यक संशोधन र परिमार्जन गर्ने प्रस्ताव पारीत गर्ने तथा उक्त संशोधन र परिमार्जनमा नियमनकारी निकायबाट स्वकिृत गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने ।

साधारण सभामा प्रस्तुत भए अनुसारको तीन महलेमा उल्लेख भए वमोजिम प्रबन्धपत्रको दफा २, दफा ५(ख), दफा ५(ग) तथा नियमावलीको नियम २, नियम ८(२), नियम ८(२)(क), नियम ८(२)(ख), नियम ८(२)(ग), नियम ८(३), नियम १६(१), नियम १६(३), नियम १७ र नियम २०(१)(ग) संशोधन गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायबाट स्वीकृत गराई अभिलेख गराउनको लागी आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सञ्चालक समितीलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतबाट स्वीकृत गर्ने निर्णय गर्‍यो ।

**ग) विविध ।**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणीत गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

## १७. <u>धन्यबाद मन्तव्य</u>

साधारण सभामा बैंकका संचालक श्री उज्ज्वल प्रसाद कसजुले जिज्ञासा राख्नुहुने शेयरधनी लगायत उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, अतिथिज्युहरु, लेखा परिक्षक, कर्मचारी वर्ग, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेञ्ज, नेपाल धितोपत्र बोर्ड, सिद्धार्थ क्यापिटल लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, प्रमुख कार्यकारी अधिकृत, कर्मचारी वर्ग, तथा बैंकसंग सहकार्य गर्ने सम्पुर्णलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

अन्तमा, एघारौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुर्‍याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानूभावज्युहरुको अमूल्य राय सल्लाह सुझाव तथा उपस्थितिको लागि हार्दिक धन्यबाद दिंदै अध्यक्षज्युको अनुमतिबाट कम्पनी सचिवज्युले साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।